# गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको
# संख्या तथा सीमाना निर्धारण आयोग

काठमाडौं, नेपाल

पत्र संख्याः २०७२/७३
चलानी नं.

Website: www.llrc.gov.np
मितिः- २०७३/०१/०९

## प्रेस विज्ञप्ती

नेपालको संविधान बमोजिम स्थानीय तहको पुनर्संरचना गर्ने उद्देश्यले नेपाल सरकारबाट २०७२ चैत्र १ गते गठन भएको यस आयोगलाई प्राप्त कार्य निर्देश शर्त र मापदण्ड बमोजिमको जिम्मेवारी निर्धारित १ वर्षको अवधि भित्र सम्पन्न गर्ने लक्ष्यमा केन्द्रित रही वितेको करीव ५ हप्ताको अवधिमा आयोगले गरेका महत्वपूर्ण कार्यहरु, आगामी कार्ययोजना र कार्यविधि समेतका विषयमा आमसंचारका माध्यमहरु मार्फत सम्पूर्ण नेपाली नागरिक एवंम् सम्बद्ध सबै सरोकारवालाहरुमा जानकारी पुर्याउने उद्देश्यले आज मिति २०७३ बैशाख ९ गते पत्रकार सम्मेलन आयोजना गरिएको छ।

यस अवधिमा स्थानीय तहको पुनर्संरचनाको अवधारणागत र हाम्रो संवैधानिक व्यवस्था र सन्दर्भको विवेचना गर्ने काममा आयोगका पदाधिकारीहरुवीच व्यापक छलफल भएको छ। त्यसैगरी आयोगको कामलाई व्यवस्थित र समयबद्ध बनाउन आयोगले गठन गरेका २ वटा कार्यदलले मस्यौदा गरी पेश गरेको कार्यसंचालन विधि र कार्ययोजना मिति २०७३।१।७ गते बसेको आयोगको बैठकले स्वीकृत गरेको छ। आयोगको कार्य संचालन विधि तर्जुमा गर्दा आयोगका पदाधिकारीहरुवीच कामको बाँडफाड, बैठक संचालन व्यवस्था, समिति उपसमितिको व्यवसायिक एवंम् प्रभावकारी परिचालन तथा संस्थागत क्षमता विकास गर्ने विषयलाई जोड दिइएको छ। साथै आयोगको कामलाई बढी भन्दा बढी सहभागितामूलक, पारदर्शी र समन्वयात्मक बनाउने दृष्टिकोण राखिएको छ।

आयोगलाई प्राप्त छोटो अवधिलाई अधिकतम सदुपयोग गर्दै २०७३ साउन मसान्तभित्र स्थानीय तहको संख्या र सीमाना निर्धारण सम्बन्धी प्रारम्भिक अवधारणा तयार गरी सरोकारवालाहरुवीच विभिन्न तहमा छलफल गरी २०७३ भाद्र महिनाभित्र जिल्लागत रुपमा स्थानीय तहको संख्या र सीमाना निर्धारण सम्बन्धी अवधारणा र वैकल्पिक प्रस्तावहरु तयार गर्ने गरी कार्ययोजना निर्माण गरिएको छ। यसरी निर्माण भएका जिल्लागत अवधारणा र प्रस्तावमाथि २०७३ भाद्रको मध्यदेखि कार्तिक मसान्तसम्ममा जिल्ला र इलाका तह हुदै विभिन्न सरोकारवालाहरुसंग छलफल तथा परामर्श संचालन गरी प्राप्त सुझावहरुको अध्ययन, विश्लेषण समेतको आधारमा २०७३ फागुन महिनाभित्र आयोगको अन्तिम प्रतिवेदन तयार गरिनेछ। यसका साथै आयोगले स्थानीय तहका पुनर्संरचनाका आधारहरुलाई विस्तृत रुपमा पर्गेल्ने र आयोगको कामलाई विभिन्न ५ कार्य समुहहरुमा (१. काठमाण्डौं उपत्यका तथा शहरी विकास एवंम् नगरपालिका २. वित्तीय संघीयता रणनीति तथा कार्यक्रम ३. स्थानीय तह पुनर्संरचना अवधारणा एवंम् नीति तथा रणनीति ४. तथ्याँक तथा सुचना विश्लेषण एवं डकुमेन्टेशन र ५. स्थानीय तह संगठनात्मक तथा प्रशासकीय स्वरुप) संरचित गरी सोही अनुरुप आवश्यक पर्ने जनशक्ति एवंम् साधन श्रोतको अनुमान गर्ने काम समेत गरिरहेको छ।

स्थानीय तहको पुनर्संरचनाले व्यापक जनसरोकारलाई समेट्ने र संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्ने दिशामा महत्वपूर्ण कोशेढुङ्गा ठहरिने विषय समेत भएकोले आयोगको काममा नेपाल सरकार, राजनीतिक दलहरु, बुद्धिजीवीहरु, पेशागत क्षेत्र, गैरसरकारी क्षेत्र, आमसंचार जगत, विकास साझेदारहरु र आम नागरिकहरुको निरन्तर सहयोग आवश्यक पर्ने र सबै क्षेत्रबाट त्यस्तो सहयोग प्राप्त हुने आयोगले विश्वास लिएको छ।

२०७३।१।९
डा. हरि पौडेल
सदस्य सचिव तथा प्रवक्ता